नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
वैशाख/जेष्ठ २०६८ (May 2011) वर्ष १५/अङ्क १७०

## माथिका कुरामा मन लगाओ

— पाष्टर रोबर्ट कार्थक

खीष्टियानहरू दुई किसिमका हुन्छन् - शरीरअनुसार जिउनेहरू र आत्माअनुसार जिउनेहरू । शरीरअनुसार जिउनेहरू शारीरिक हुन्, आत्माअनुसार जिउनेहरू आत्मिक हुन् । खीष्ट येशूमाथि विश्वास गरी उहाँलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रुपमा ग्रहण गरेर हामीले पाप क्षमा पायौं, नयाँ जन्म पायौं, मुक्ति पायौं । हामी विश्वासी बन्यौं । त्यसपछि पिता, पुत्र, पवित्र आत्माको नाउँमा आफ्नो राजीखुशीले पानीको बप्तिस्मा लिई आफ्नो जीवन उहाँमा समर्पण गर्दै हामी खीष्टका अनुयायी खीष्टियान बन्यौं । अब प्रश्न उठ्छ, हामी कस्ता खीष्टियान ? आत्माअनुसार जिउने आत्मिक खीष्टियान कि शरीरअनुसार जिउने शारीरिक खीष्टियान ? हाम्रो जीवनमा आत्माले राज्य गर्दैछ कि शरीरले ? हामी आत्माका कुराको बढी वास्ता गर्छौं कि शरीरका कुराको ? हामी आत्माको कुरामा धेरै मन लगाउँछौं कि शरीरका कुरामा ? रोमी ८:५ ले भन्दछ, "...शरीरअनुसार चल्नेहरूले शरीरका कुरामा तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन् । रोमी ८:८ अनुसार शरीरका कुरामा मन लगाउनेहरू तथा शारीरिकताको वशमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्तैनन् । शरीरका कुरामा मन लगाउनु भनेको चाहिँ खाली आफ्नो शरीरका मागहरू पूरा गर्नालाई स्वार्थको लागि मात्र जिउनु हो । केवल खाने, पिउने, लाउने, रुपैंया-पैसा धन-दौलत थुपार्ने, मनमोजमा समय बिताउने, सम्पत्ति खर्च गर्ने-शरीरअनुसार जिउनु भनेको यही हो ।

परमेश्वर पिता र खीष्ट प्रभुलाई धन्यवाद चढाउँदै उहाँहरूको स्तुति प्रशंसा गर्ने, बाइबल पढ्ने, प्रार्थना गर्ने, प्रभुका जनहरूसँग संगतिमा रहने- आत्मा अनुसार जिउनु भनेको यही हो ।

'नयाँ जन्म पाएको छु' भनेर दाबी गर्ने धेरै खीष्टियानहरू अझै पनि पुरानै जीवन जिइरहेका छन् । अझै पनि उनीहरू संसार, शरीर, स्वार्थकै पछि दौडिरहेका छन् । बाइबलको शिक्षाअनुसार माथिका स्वर्गीय कुराको खोजी गर्नाका सट्टामा तलका सांसारिक कुराहरू नै खोजिरहेका छन् (कलस्सी ३:१-२) । ईश्वरको राज्य र उहाँको धार्मिकता पहिले खोज्नेहरूलाई अरू सबै सांसारिक आवश्यक कुराहरू थपनीस्वरुप मिल्नेछ भन्ने कुरो उनीहरूलाई थाहा छैन । घमाइलो स्वर्गीय स्थानहरूमा रहेका माथिका स्वर्गीय आशिषहरू बटुल्नलाई सधैं सूर्यतिर आँखा गाडेर माथि-माथि बेग हान्ने उकाब पंक्षीझैं हामी हुनुपर्ने । कुखुरा पोथीझैं सधैं पृथ्वीतिर तल नजर झुकाएर फोहोर- कसिंगरबीच चारो खोजिहिँड्ने सांसारिक मानिस जस्तो हुनुभएन । उत्तम आशिषहरू माथि स्वर्गीय स्थानहरूमा राखिएका छन् । मैला-कुचैला फालिने फोहोर संसारमा होइन । यसैले हामीले माथिका कुराहरू खोज्नुपर्छ, संसारको होइन ।

१ यूहन्ना २:१५-१७ मा लेखिएको छ, 'संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर । यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन । किनकि संसारमा भएका सबै थोक अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन् तर संसारबाट आएका हुन् । संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ तर परमेश्वरको इच्छा पूरा गर्नेचाहि सधैंको निम्ति रहन्छ ।'

याकूब ४:४ ले पनि भन्दछ, "हे व्यभिचारी हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन ? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ ।"

परमेश्वरको पुत्र खीष्टलाई निर्दयतासाथ क्रूसमा टाँग्ने संसारलाई आफ्नो मित्र बनाउन खोज्ने व्यक्तिले आफैलाई परमेश्वरको शत्रु बनाउँछ । रोमी ८:७ मा पनि लेखिएको छ, 'पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वप्रति शत्रुता हो ।'

आत्मा र शरीरको बीच चलिरहेको संघर्षबारे हामी गलाती ५:१६-१७ मा पढ्न पाउँछौं । सांसारिक मानिसहरूको हृदयभित्र यो संघर्ष हुँदैन कारण उनीहरूमा पाप-स्वभावले मात्र राज्य गरेको हुन्छ । पवित्र आत्मा उनीहरूमा अझ प्रवेश गर्न पाउनुभएको हुँदैन । खीष्ट येशूलाई ग्रहण गरेको दिनदेखि नै पवित्र आत्मा हामीमा आउनुभएको छ । अब पाप-स्वभाव वा शारीरिकताले हामीमा अघिझैं आफ्नो खुशी खुशी मनमानी गर्न पाउँदैन । पवित्र आत्माले त्यसको विरोध गर्नुहुन्छ र संघर्ष शुरू हुन्छ । 'शरीरले आत्माको विरूद्धमा लालसा गर्दछ र आत्माले शरीरको विरूद्धमा' (गलाती ५:१७) । यहाँ शरीर भनेको देह होइन, शारीरिकता हो । बाइबल नयाँ संस्करणमा यसलाई पाप-स्वभाव भनेर लेखिएको छ । पाप दुई थरिका हुन्छन् : एउटा कर्म-पाप, अर्को पाप-स्वभाव ।

पाप-कर्मको क्षमाको लागि येशू प्रभुको रगत चाहिन्छ तर पाप-स्वभावबाट छुटकाराको लागि येशू प्रभुको क्रूस चाहिन्छ । प्रभु येशूको रगतले हामीलाई हाम्रा पापबाट शुद्ध पार्न सक्छ (१ यूहन्ना १:७) । तर हाम्रा पाप-स्वभावबाट हामीलाई छुटकारा दिन सक्तैन । हाम्रा पाप-स्वभाव प्रभु येशूको क्रूसमा टाँगेर मात्र हामी त्यसको बन्धनबाट मुक्त हुन सक्छौं । खुशीको कुरो, पाप-स्वभावबाट छुटकारा प्राप्त गर्नलाई हाम्रो पाप-स्वभाव हामीले फेरि क्रूसमा टाँग्नु पर्दैन कारण खीष्ट येशू क्रूसमा चढाइएको दिननै त्यो उहाँसँग क्रूसमा टाँगिएको छ । रोमी ६:६ ले भन्दछ, 'पापको शरीर रद्दी तुल्याउन हाम्रो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगिएको जानेर हामी फेरि पापको बन्धनमा नहोऔं ।' यो कुरो हामीले राम्ररी जानेको हुनुपर्छ नत्र हामी फेरि घरि घरि पाप-स्वभावबाट मुक्त हुनलाई कोशिष गरिरहनेछौं । रोमी ६:११ मा लेखिएको छ, 'यसैगरी तिमीहरूले पनि आफू आफूलाई पापको लेखि मरेको तर खीष्ट येशूमा परमेश्वरको लागि जीवित भएको ठान्नुपर्छ ।'

पाप-स्वभावबाट छुटकारा पाउनलाई आफैले कोशिष गरेर होइन तर हाम्रो पाप-स्वभाव खीष्ट येशूसँगै क्रूसमा टाँगिएको छ भन्ने जानेर, ठानेर हामी विश्वासद्वारा नै मुक्त हुन सकौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
|---|---|---|---|---|---|---|
| **वैशाख ३१ गते मे १४ ता.** | पाष्टर अशोक मुखिया | श्रीमती रश्मिला तामाङ्ग | श्री राजु राई | एल्डर सीता गुरूङ्ग श्री कृष्ण पन्त | पाष्टर दफ्तन सादा | पाष्टर रोल्याण्ड रोंगोंग |
| **जेष्ठ ७ गते मे २१ ता.** | पाष्टर सामुएल कार्थक | एल्डर दिनेश न्यौपाने | डीकन जेम्स राई | श्री दानिएल घले | एल्डर रूबेन श्रेष्ठ | डीकन बाबु राम के.सी. |
| **जेष्ठ १४ गते मे २८ ता.** | एल्डर सामुएल क्षेत्री | श्री सरोज मान तामाङ्ग | पाष्टर अशोक मुखिया | पाष्टर रोबर्ट कार्थक **(बसन्त सम्मेलन)** | एल्डर श्रीलक्ष्मी सैंजु | श्रीमती सारा खालिङ |
| **जेष्ठ २१ गते जुन ४ ता.** | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर राजेन्द्र रोंगोंग | श्री सिमोन भण्डारी | **संयुक्त सेवा ललितपुर चर्च** |

गलाती ५:१६-१७ मा बताइएको आत्मा र शरीरको बीचको संघर्षबारे राम्ररी बुझाउनलाई कसैले यस्तो उपमा दिएका छन् । हरेक खीष्टियानले उसको हृदयमा दुईटा कुकुर पालेको हुन्छ, एउटा सेतो, अर्को कालो । सेतो कुकुरलाई उसले बढी प्यार गर्‍यो भने उसले त्यसलाई राम्रो खाना दिन्छ, राम्ररी स्याहार्छ, राम्ररी हेरचाह गर्छ, त्यससँग धेरै समय बिताउँछ । त्यो सेतो कुकुर बलियो हुन्छ, स्वस्थ्य हुन्छ, मनपर्दो हुन्छ। तर कालो कुकुरको उसले केही वास्ता गर्दैन । त्यो हाड र छालामात्र भएको लुते, घीनलाग्दो कुकुर बन्दछ । तर यदि उसले कालो कुकुरलाई धेरै माया गर्‍यो भने उसले त्यससँग राम्रो व्यवहार गर्छ, त्यसको बढी वास्ता गर्छ, त्यसलाई पोष्याउँछ । सेतो कुकुरको उसले वास्तै गर्दैन । झगडा गर्दा ती दुईमध्ये कसलाई जिताउने हो सो मालिकमाथि नै निर्भर गर्दछ । सेतो कुकुर आत्मा हो, कालो कुकुर शरीर हो। तपाईं कुन कुकुरको बढी वास्ता गर्नुहुन्छ ? कुन कुकुरलाई जिताउन चाहनुहुन्छ ?

गलाती ४:२२-२३ ले भन्दछ, 'किनभने लेखिएको छ, अब्राहामका दुई छोराहरू थिए, कमारीतर्फबाट एक, अर्कोचाहिँ स्वतन्त्र स्त्रीबाट । कमारीको छोरोचाहिँ शरीरअनुसार जन्मेको थियो तर स्वतन्त्र स्त्रीबाट जन्मेको छोरो प्रतिज्ञाद्वारा ।' कमारी हागारबाट जन्मेको छोरो इस्माएल थियो र स्वतन्त्र स्त्री साराहबाट जन्मेको छोरो इसहाक ।

गलाती ४:२८-३१ "अब हे भाइ हो, इसहाक जस्तै हामी पनि प्रतिज्ञाका सन्तान हौं । तर त्यसबेला जसरी शरीरअनुसार जन्मेकोले आत्माअनुसार जन्मेकोलाई सताउँदथ्यो, अहिले पनि त्यस्तै छ । तर धर्मशास्त्रले के भन्दछ, "कमारी र त्यसको छोरालाई निकालिदेऊ किनभने दासी-पुत्र स्वतन्त्र स्त्रीको छोरासँग उत्तराधिकारी हुने छैन । यसकारण, भाइ हो, हामी कमारीका होइनौं तर स्वतन्त्र स्त्रीका सन्तान हौं ।"

आत्माअनुसार जन्मेको इसहाक हो, शरीरअनुसार जन्मेको इस्माएल हो । उत्तराधिकारी इसहाक हुन सक्छ, इस्माएल होइन ।

"धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्तछ त्यसैको कटनी पनि गर्नेछ । जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्तछ त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्दछ । तर जसले आत्माको निम्ति रोप्तछ त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ" (गलाती ६:७-८) ।

यसर्थ माथिका कुरामा मन लगाओ, पृथ्वीमा भएका कुरामा होइन ।

### विशेष प्रार्थना

**२०६८ वैशाख २१ गतेदेखि जष्ठ १९ गते/मे ४ तारिखदेखि जुन १२ तारिखसम्म नेपालको लागि चालिसदिने विश्वव्यापी प्रार्थनामा सम्पूर्ण विश्वासीहरूले देशको लागि दैनिक प्रार्थना गरिदिनुहुन अनुरोध छ ।**

### मे महिनाको कार्यक्रम

जेष्ठ १ गते/मे १५ ता. आइतबार बिहान १०:०० **महिला उपवास प्रार्थना** आ-आफ्नो ठाउँमा

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | **शनिबार** | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबू,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| **घरेलु संगति** | **बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरुमा विभिन्न ठाउँहरू** | | |
| **प्रार्थना सभा** | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधबार<br>बिहीबार<br>शुक्रबार<br>सोमबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बज<br>दिउँसो ३:०० बजे<br>बिहान ५:०० बजे | नयाँ बानेश्वर, मीनभवन<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२,गोंगबूँ, पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला)<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबूँ, कमलाक्षी<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी गाम्छा र सुन्दरीजल<br>पनौती<br>गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| **वैशाख ३१ गते मे १४ ता.** | पाष्टर एल.पी.न्यौपाने | एल्डर जमान तामाङ्ग | एल्डर दानियल सापकोटा | एल्डर गोपी राई | पाष्टर रोबर्ट कार्थक | श्री शुक्र राज घिमिरे | श्री धन बहादुर तामाङ्ग |
| **जेष्ठ ७ गते मे २१ ता.** | पाष्टर रोबर्ट कार्थक | एल्डर दानिएल सापकोटा | **संयुक्त सेवा – जोरपाटी चर्च** | | पाष्टर एल.पी.न्यौपाने | डीकनेस् निर्मला ढुङ्गेल | श्री दिल मान तामाङ्ग |
| **जेष्ठ १४ गते मे २८ ता.** | पाष्टर महेश थाँजु | एल्डर गोपी राई | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर दानिएल सापकोटा | श्री प्रशान्त सिंह | श्री कुमार सेन्चुरी | श्री धन बहादुर तामाङ्ग |
| **जेष्ठ २१ गते जुन ४ ता.** | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर जमान तामाङ्ग | एल्डर अष्ट श्रेष्ठ | डीकनेस् रमा तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | **संयुक्त सेवा गोंगबूँ चर्च** | डीकन बी.एन. पण्डित |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई

वैशाख ११ गते/अप्रिल २४ ता. आइतबार नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती श्याम/उर्मिला श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।





वैशाख १३ गते/अप्रिल २६ ता. मंगलबार पुतली सडक बेथशालोम चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती विश्व/निता घिमिरे**लाई गोंगबूँ मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

वैशाख ५ गते/अप्रिल १८ ता. सोमबार नेइम जहरसिंह पौवा चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती राजेन्द्र/भिम माया मगर**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।





वैशाख १९ गते/मे २ ता. सोमबार नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती सुनील/शारदा शाही**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी

१. चैत्र १९ गते/अप्रिल २ ता. शनिबार नेइम गोंगबूँ मण्डलीको ३ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

२. चैत्र २० गते/अप्रिल ३ ता. आइतबार नेइम नगरकोटको ३ जना, नेइम सिर्जनानगरको ११ जना र नेइम ज्ञानेश्वरको १३ जना गरी जम्मा २७ जनाले पानीको बप्तिस्मा लिनुभयो ।

३. चैत्र २५ गते/अप्रिल ८ ता. सोमबार नेइमको शाखा मण्डली भारतको सिलगुढीमा श्री लोक गुरूङलाई आदरणीय पाष्टर रोबर्ट कार्थकले पाष्टर अभिषेक गर्नुभयो ।

४. चैत्र २८ गते/अप्रिल ११ ता. सोमबार नेइमको शाखा मण्डली भारतको सिलगुढीमा श्री लोक गुरूङलाई आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाले पाष्टर अभिषेक गर्नुभयो ।

५. वैशाख ३ गते/अप्रिल १६ ता. शनिबार नेइम सिर्जनानगर मण्डलीमा ५ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

६. वैशाख ३ गते/अप्रिल १६ ता. शनिबार नेइम गोंगबूँ मण्डलीमा ३ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

७. वैशाख ३ गते/अप्रिल १६ ता. शनिबार नेइम जहरसिंह पौवा मण्डलीको १० जना र जोरपाटी मण्डलीको २५ जना गरी ३५ विश्वासीहरूले जोरपाटी मण्डलीमा समर्पण गर्नुभयो ।

८. वैशाख ४ गते/अप्रिल १७ ता. आइतबार नेइम दोलखा, तिखताल मण्डलीमा १० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

९. वैशाख १० गते/अप्रिल २३ ता. शनिबार सिन्धुपाल्चोक, पाखर संगतिमा २ जनाले पानीको बप्तिस्मा लिनुभयो ।

१०. वैशाख १२ गते/अप्रिल २५ ता. सोमबार नेइम गोंगबूँ मण्डलीको ११ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

११. वैशाख १८/मे १ ता. आइतबार नेइम सिर्जनानगरअन्तर्गत साँगा, खाल्चोकमा महिनाको १ पटक हुने आराधना सेवा प्रार्थनाद्वारा शुरू गरियो ।



असन बस्नुहुने ज्ञानेश्वर मण्डलीको सदस्य
**श्रीमती देव माया शाही**
८५ वर्षको उमेरमा वैशाख ४ गते/अप्रिल १७ ता. आइतबार प्रभुमा सुत्नुभयो ।

सुन्दरीजल, गागलफेदी बस्नुहुने जोरपाटी मण्डलीको सदस्य **श्रीमती लक्ष्मी थापा**
५५ वर्षको उमेरमा वैशाख ३ गते/अप्रिल १६ ता. शनिबार प्रभुमा सुत्नुभयो ।



धोबिघाट बस्नुहुने ललितपुर मण्डलीको सदस्य
**श्रीमती जागृति राई** चैत्र १८ गते/अप्रिल १ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।



नयाँ बाटो बस्नुहुने ललितपुर मण्डलीको सदस्य
**श्रीमती सुक्मित लेप्चा**
५५ वर्षको उमेरमा वैशाख २ गते/अप्रिल १५ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।



नगरकोट बस्नुहुने नगरकोट मण्डलीको सदस्य
**श्री राम बहादुर श्रेष्ठ**
५० वर्षको उमेरमा वैशाख १८ गते/मे २ ता. आइतबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| आइतबार<br>Sunday | २५ 8<br>नेपाल देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाई मागिदिऔं ।<br>यहोश १:६-९ | १ 15<br>अगुवाको स्थानमा रहनुभएकाहरूले उदाहरण भएर आफ्नो बगालको हेरचाह गर्न सकून् र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | ८ 22<br>विभिन्न देश, विदेशमा रोजगार, अध्ययनको सिलसिलामा गएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>२ कोरिन्थी ५:१४-२१ | १५ 29<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाईको लागि प्रार्थना गरौं ।<br>यशैया ४२:६-७ |
| सोमबार<br>Monday | २६ 9<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रुपमा चढाएका प्रार्थनाको उत्तर पर्खन, उत्तर पाएकोमा साथै उत्तर नपाएकोमा पनि सधैं धन्यवादी हुन सकौं ।<br>१ थेसलोनिकी ५:१६-१८ | २ 16<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर प्रभुको स्थानमा राखेर आदर दिनेहरू हुन सकौं ।<br>मत्ती ७:२१-२३ | ९ 23<br>मण्डलीका सबै विश्वासीहरूले आफ्नो धन सम्पत्तिद्वारा पनि परमेश्वरलाई सधैं आदर, इज्जत दिइरहन सकून् ।<br>हितोपदेश ३:९-१० | १६ 30<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>लूका १५:१७-२४ |
| मंगलबार<br>Tuesday | २७ 10<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं ।<br>यूहन्ना १५:१६ | ३ 17<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टलाई साँचोसँग पछ्याउने निर्णय लिएर बप्तिस्माको कदम उठाउन सकून् ।<br>यूहन्ना १०:२७-२९ | १० 24<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | १७ 31<br>गरीबी, अभाव, बेरोजगारमा साथै अरू विभिन्न प्रकारको समस्यामा परेका सबैको लागि परमेश्वरको अनुग्रह मागिदिऔं ।<br>फिलिप्पी ४:४-७ |
| बुधबार<br>Wednesday | २८ 11<br>मण्डलीका आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथासक्य मण्डलीले भाग लिन सकून् ।<br>यशैया ५४:२-३ | ४ 18<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | ११ 25<br>हामी सबै खीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | १८ June 1<br>मण्डलीका विश्वासीहरू एकले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान्नेहरू र एकअर्काको अधीनमा रहि परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>फिलिप्पी २:५-९ |
| बिहीबार<br>Thursday | २९ 12<br>मण्डलीका सबै विश्वासी परिवारहरूमा एकआपसमा प्रेम, एकता र मेलमिलाप सधैं भइरहन सकून् ।<br>कलस्सी ३:१२-१६ | ५ 19<br>मण्डलीका सबै बाल बालिकाहरूले सानै उमेरमा साँचो परमेश्वरको प्रेमलाई थाहा गर्न सकून् ।<br>भजनसंग्रह ७१:६ | १२ 26<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहनेहरू हुन सकून् ।<br>१ यूहन्ना २:१५-१७ | १९ 2<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ |
| शुक्रबार<br>Friday | ३० 13<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिक रुपमा बढ्दै जाने सेवा संगति हुन सकून् ।<br>मत्ती ६:१-४ | ६ 20<br>आराधना सेवामा आउनेहरू तयारीसाथ परमेश्वरको प्रशंसा गर्न, वचन सुन्न र एकअर्कासँग संगति गर्नको लागि आउन सकून् ।<br>यशैया ४३:७-१२ | १३ 27<br>प्रत्येक शनिबार मण्डलीमा आउनुभएका नयाँहरूले खीष्ट प्रभुको सुसमाचार सुनेर खीष्ट येशूलाई प्रभु र मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।<br>यूहन्ना १:१२ | २० 3<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |
| शनिबार<br>Saturday | ३१ 14<br>महिला उपवास प्रार्थना सभाहरूमा चढाइने प्रार्थनाद्वारा परिवार-परिवारमा अझ धेरै आशिष आउन सकून् ।<br>मत्ती ७:७-११ | ७ 21<br>मण्डलीका विश्वासीहरू सबै प्रकारको भूल, धोका दिने झूटा शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले जोगाऊन् ।<br>२ यूहन्ना ७-१० | १४ 28<br>विभिन्न देशहरूमा काम, पढाई तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | २१ 4<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाई, परिवार, काम, व्यवसाय सम्पूर्ण कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>भजनसंग्रह १६:७-९ |

**खीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे । उहाँ अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।**

२ कोरिन्थी ५:१४-१५